**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०८ जून २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. केन्द्रमा नयाँ सरकारको सपथ ग्रहण समारोहको तयारी तीब्र रुपमा भइरहेको छ। बंगलादेशकी प्रधानमन्त्री शेख हसिना भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र मन्त्रिपरिषद्को सपथ ग्रहण समारोहमा सहभागी हुन नयाँ दिल्ली आइपुगनु भएको छ।

२. चुनावपछिको हिंसा रोक्न चुनाव आयोगले केन्द्रीय सशस्त्र बल अनि राज्य सशत्र पुलिस बलका ७०० कमपनि तैनाथ गर्ने निर्णय गरेको छ|

३. गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (गोरामुमो) को खरसाङ क्षेत्रका आठजना केन्द्रीय पदाधिकारीहरुले सामुहिक रूपमा राजीना दिएका छन् |

४. गोरुबथानमा आईटी पार्कको निर्माण गरिने भएको छ |

५. यस वर्ष पनि शशिप्रभा स्मृति पुरस्कार प्रदान गर्नलाई साहित्यकारहरूबाट पुस्तक आमंत्रित गरिएको छ।

**प्रधानमन्त्री-राष्ट्रपति**

केन्द्रमा नयाँ सरकारको सपथ ग्रहण समारोहको तयारी तीब्र रुपमा भइरहेको छ। राष्ट्रपति द्रौपदी मुर्मुले एनडीए संसदीय दलका नेता नरेन्द्र मोदीलाई नयाँ सरकार गठनका लागि आमन्त्रण गर्नु भएको छ। सपथ ग्रहण समारोह भोलि साँझ ७.१५ बजे राष्ट्रपति भवनमा हुनेछ। श्री मोदीले हिजो राष्ट्रपतिलाई भेटेर नयाँ सरकार गठनको दाबी गर्नु भएको थियो। यस अघि भारतीय जनता पार्टीका अध्यक्ष जगत प्रकाश नड्डाको नेतृत्वमा रहेको एनडीए प्रतिनिधिमण्डलले पनि राष्ट्रपतिलाई भेटेर श्री नरेन्द्र मोदी भाजपा संसदीय दलको नेता निर्वाचित भएको पत्र बुझाउनु भएको थियो। राष्ट्रपतिलाई एनडीएका घटक दलहरूको समर्थन पत्र पनि हस्तान्तरण गरिएको थियो। राष्ट्रपति भवन बाहिर श्री मोदीले एनडीएले बलियोए स्थिर र विकासोन्मुख सरकार बनाउने बताउनु भयो। राष्ट्रपतिले आफूलाई प्रधानमन्त्रीमा नियुक्त गरेको र आइतबार साँझ हुने सपथ ग्रहण समारोहमा आफू सन्तोषजनक रहेको राष्ट्रपतिलाई जानकारी गराएको उहाँले बताउनु भयो। बाँकी विवरण राष्ट्रपति भवनले तयार गर्ने र त्यसबेलासम्म मन्त्रिपरिषद्को नामावली राष्ट्रपतिलाई बुझाइने उहाँले बताउनु भयो।

****** ० ******

**बंगलादेश प्रधानमन्त्रीको आगमन**

बंगलादेशकी प्रधानमन्त्री शेख हसिना भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र मन्त्रिपरिषद्को सपथ ग्रहण समारोहमा सहभागी हुन नयाँ दिल्ली आइपुगनु भएको छ। उहाँलाई विमानस्थलमा विदेश मन्त्रालयका सचिव मुक्तेश परदेशीले स्वागत गर्नु भएको छ। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले सामाजिक सञ्जाल पोस्टमा भन्नु भएको छ भारतको सबैभन्दा मूल्यवान साझेदारमध्ये एकको भ्रमणले भारत-बंगलादेश घनिष्ठ र गहिरो मित्रताको बन्धनलाई अझ बलियो बनाउनेछ।

****** ० ******

**तृणमूल भाजपा कार्यकर्ता कुटपिट**

तृणमूलमाथि सिलगढीमा भाजपा कार्यकर्तालाई कुटपिट गरेको आरोप लागेको छ। घटनापछि भाजपाले तृणमूल नेता सुरजित घोषविरुद्ध शनिबार भक्ति नगर पुलिस थानामा लिखित उजुरी दर्ता गराएको छ। भाजपाले असित पाललाई शुक्रबार राति वार्ड नम्बर ३९ मा रहेको उनको घर अगाडि तृणमूलका मानिसहरूले आक्रमण गरेको आरोप लगाएको छ। जसका कारण उनी गम्भीर घाइते भएका थिए। घटनापछि घाइते असितलाई उद्धार गरी सिलगढी जिल्ला अस्पताल लगिएको थियो। घटनाको जानकारी पाए

लगत्तै भक्तिनगर पुलिस थाना र भाजपा नेता तथा कार्यकर्ता घटनास्थल पुगेका थिए। असित पालले आफूलाई तृणमूल नेता सुरजित घोषले कुटपिट गरेको बताउनु भएको छ। उहाँलाई जबरजस्ती तृणमूलमा समावेश गर्ने प्रयास भइरहेको छ। यसैबीचए डबग्राम-फुलबारी भाजपा विधायक शिखा चटर्जी लगायत भाजपा नेताहरूले शनिबार भक्तिनगर पुलिस थानामा लिखित उजुरी दिएका छन्। उनीहरुले पुलिस थाना अगाडि प्रदर्शन समेत गरेका छन्।

****** ० ******

**बंगाल -हिंसा**

लोकसभा चुनावद्वारा गत चार जूनको दिनमा भएको मतगणना पछि पश्चिम बंगालको विभिन्न इलाकाहरुबाट चुनावपछिको हिंसाको खबरहरु अघि आईरहेको छ। चुनाव आयोगले अहिले केंद्रीय सशस्त्र पुलिस बल (सीएपीएफ) अनि राज्य सशस्त्र पुलिस (एसएपी) का कुल ७०० कंपनिहरु तैनात गर्ने निर्णय गरेको छ। मुख्य चुनाव अधिकारीको कार्यालयका सूत्रहरुले बताए अनुसार 700 कंपनिहरु मद्धे 400 कंपनि सीएपीएफको हुनेछए जो आयोगको अघिबाटै लिईएको निर्णय अनुसार आगामी 19 जून सम्म राज्यमा रहनेछन्।यो फैसला कलकत्ता उच्च न्यायालयको अवकाश पीठ द्वारा पश्चिम बंगालमा चुनाव पछिको हिंसाको घटनाहरुलाई रोक्न केंद्र अनि राज्य बीच अधिक सहयोगको आह्वान गरेको एक दिन पछि आएको हो। अवकाश पीठको निर्देश अनुसारए राज्य पुलिस प्रमुखलाई यो व्यवस्था गर्ने निर्देश दिईएको छ कि चुनावपछि भएको हिंसाका पीड़ितहरुले ईमेल द्वारा आफ्नो शिकायत दर्ता गर्न सक्नेछन्ए ताकि संबंधित पुलिस थानाले आवश्यक कार्रवाही गर्न सकून्। सूत्रहरु बाट प्राप्त जानकारी अनुसारए ष्आयोग यस पल्ट चुनाव पछिको हिंसाका घटनाहरु प्रकाशमा ल्याउने बिषयलाई लिएर विशेष रूपमा सतर्क छ ए किनभने बर्ष 2021 को विधानसभा चुनावपछि राज्यभरिमै यस्ता अनेकौं घटनाहरु भएको थियो।" केंद्रीय जांच ब्यूरो (सीबीआई)ले अहिले पनि 2021 को चुनावपछि भएको हिंसाको जांच गरिरहेको छ।

****** ० ******

**सीबीआई- पश्चिम बंगाल**

सीबीआईका केहि वरिष्ठ अधिकारी आगामी सप्ताह पश्चिम बंगाल आउनेछन्। उनीहरुले राज्यमा भ्रष्टाचार अनि चुनावपछि भएको हिंसाको मामलाहरुमा एजेंसी द्वारा गरिरहेको जांचको प्रगतिबारे समीक्षा गर्नेछन्। शुत्रहरुबाट आज यो जानकारी प्राप्त भएको हो।शुत्रहरुले बताए अनुसार डिप्टी इंस्पेक्टर जनरल रैंकका यी अधिकारीहरुले कोलकाताको निजाम पैलेस अनि सॉल्ट लेक को सीजीओ कॉम्प्लेक्स स्थित सीबीआई कार्यालयहरुमा विभिन्न मामलाहरूका जांच अधिकारिहरु सित बैठकहरु गर्नेछन।

****** ० ******

**गोरामुमो नेताहरुद्वारा राजीनामा**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (गोरामुमो) खरसाङ क्षेत्रका आठजना वरिष्ठ पार्टी पदाधिकारीहरूले आज खरसाङमा एक सभा गरेर सामुहिक रूपमा राजीनामा दिएका छन्। राजीनामा दिनेहरुमा गोरामुमो केन्द्रिय उपाध्यक्ष पीसी अग्रवाल, केन्द्रिय सदस्य एवं पूर्व पार्षद आईएन प्रधानए केन्द्रिय सदस्य किशोर गहतराज, एचपीडब्ल्युयुको केन्द्रिय समिति सदस्य एके देवान, पंखाबारी गिद्ध पहाड़ समष्टिको सभापति नरेश गुरुङ, पूर्व सचिव बीएम तामाङ, घैयाबारी शाखाको सभापति रमेश राई, घैयाबारी शाखाको उप सभापति जयराज थापा आदिले गोरामुमो पार्टीबाट राजीनामा दिएका छन्।खरसाङमा सभा आयोजना गरेर आठजनाले नै गोरामुमो पार्टीबाट राजीनामा दिएको र राजीनामा पत्र गोरामुमो केन्द्रिय अध्यक्ष मन घिसिङलाई पठाउने जानकारी गराएका छन्। खरसाङमा भएको सभापछि पत्रकारहरूसित कुराकानी गर्दै गोरामुमो केन्द्रिय उपाध्यक्ष पीसी अग्रवालए पूर्व पार्षद आईएन प्रधानले उक्त जानकारी गराएका छन्। उहाँहरूले सभामा वर्तमान गोरामुमो पार्टीको स्थिति विषयमा चर्चा परिचर्चा गरिएको बताउँदै पार्टी अध्यक्ष सुवास घिसिङको निधनपछि सबैजना पछाड़ी पर्दै गएको र कतिवटा सभाहरूमा गरिएका निर्णयहरू विषयमा पार्टी अध्यक्ष समक्ष पठाउँदा पनि कुनै

मूल्यांकन नभएको बताएका छन्। उनीहरूले गोरामुमो पार्टीमा आफुहरूलाई हदभन्दा तल राखिएको बताउँदै राजीनामा दिएको बताएका छन्।

****** ० ******

**गोरुबथान आईटी पार्क**

गोरुबथानमा निर्माण हुने आईटी पार्कको निम्ति कलकत्ताको एक विशेषज्ञ टोलीले स्थलगत भ्रमण गरेर निरीक्षण गरेका छन्। जिटीए प्रमुख कार्यपाल अनित थापाले यस नयाँ पहलमाथि भन्नु भएको छ, खरसाङपछि गोरुबथान जीटीए क्षेत्रको अघिल्लो आईटी हब बनाउने हाम्रो परिकल्पना अब पूरा हुनेछ। युगको डिमाण्ड अनुसार हामीले पनि क्षेत्रको विकासको परिकल्पना गरेका हौं। बेरोजगारको समस्याए युवा पलायन अनि आर्थिक विकासलाई यस आई टी पार्कले केही हदसम्म सम्बोधन गर्नेछ। आईटी पार्क स्थापनाको निम्ति उक्त टीमले गोरूबथान अनि कुमाई मिलाएर ३ वटा स्थलको भ्रमण गरेका छन्। गोरूबथान पेट्रोल पम्प नजिकमा चिन्हित गरिएको स्थल नै सबैले रुचाएको अनि आईटी पार्कको निम्ति उचित स्थान रहेको सभासद रतन थापाले बताउनु भएको छ। उहाँले भन्नु भयोए आईटी पार्क स्थापना अनित थापाको पहल हो। उहाँकै निर्देश अनुसार आज स्थलगत भ्रमण भएको हो। भ्रमण टोलीले रिपोर्ट तयार गरे पश्चात आईटी पार्कको अघिल्लो चरणको कार्य शुरु हुनेछ। भ्रमण टोलीमा कलकत्ताबाट वेबलका म्यानेजिङ डाइरेक्टर संजय कुमार दास अनि जीटीएका ईडी तोप्देन भोटिया मुख्य थिए।

****** ० ******

**शशिप्रभा स्मृति पुरस्कार**

हाम्रो किताब घर'- मार्फत् वर्षेनी प्रदान गरिँदै आएको शशिप्रभा स्मृति पुरस्कार यस वर्ष पनि प्रदान गरिने भएको छ। उक्त जानकारी आज सालबारीमा एक पत्रकार सम्मेलनको आयोजन गरेर हाम्रो किताब घरका छेवाङ योञ्जन तथा पुरस्कार प्रायोजक बिजय बान्तवा कैलाशीले दिनु भएको छ।
आख्यानकार विजय बान्तावा 'कैलासी'-ले आफ्नी दिवङ्गत धर्मपत्नी शशिप्रभा बान्तावाको स्मरणमा प्रायोजना गरिरहेको उक्त पुरस्कारमा नगद पचास हजार रूपियाँसहित प्रशस्ति पत्र प्रदान गरिँदै आएको छ। यस वर्षको पुरस्कारको निम्ति २०२२ सालदेखि यता सर्व भारतीय रुपमा छापामा आएका नेपाली किताबका लेखकहरुले दाबी गर्न सक्ने छन्। शशीप्रभा पुरस्कारले तेस्रो वर्ष टेकिरहेको छ भने पुरस्कार राशी गए वर्ष झैं पचास हजार रहने पनि बताइएको छ। इच्छुक लेखकले आफ्नो कृति हाम्रो किताब घरको आधिकारिक ठेगानामा १५ जुलाईसम्म पठाउन सक्ने छन्। उक्त पुरस्कार बारेमा हाम्रो किताब घरको तर्फबाट छेवाँग योन्जन, पुरस्कार प्रायोजक तथा साहित्यकार बिजय बान्तवा कैलाशी र ज्ञानकुञ्जका प्रकाशक तथा कथाकार सन्जिब छेत्रीले पनि सर्जकहरुको निम्ति शशिप्रभा पुरस्कार गरिमामय रहेको भन्दै सबै सर्जकहरुलाई किताब पठाउने अनुरोध गर्नु भएको छ।
स्मरण गराइन्छए पहिलोपल्ट २०२२ मा पहिलो शशिप्रभा स्मृति पुरस्कार संध्या छेत्रीलाई उनको उत्कृष्ट कथा संग्रह पराकम्पनको लागि दिइएको थियो। गत सालको पुरस्कार बिमल लामा अनि समिक चक्रवर्तीलाई नुनको चिया किताबको निम्ति दिइएको थियो।

****** ० ******

**बलिदान दिवस निरञ्जन सिंह छेत्री**

भारतीय गोर्खा परिसंघए खरसाङद्वारा आज भारतीय स्वतन्त्रता संग्राममा आफ्नो प्राणको बलिदान दिने प्रथम गोर्खा शहीद सुबेदार निरञ्जन सिंह छेत्रीको १३३औं बलिदान दिवस पालन गरिएको छ। परिसंघ खरसाङका अध्यक्ष सहदेव चामलिङको अध्यक्षतामा सम्पन्न यस कार्यक्रमका प्रमुख अतिथिको रूपमा वरिष्ठ नाट्यकर्मी बिनोद प्रकाश शर्मा उपस्थित हुनुहुन्थ्यो। शहीद छेत्रीको तस्वीरमा माल्यार्पण गरेर शुरू भएको कार्यक्रममा श्री आईएन शर्माले निरञ्जन सिंह छेत्रीको संक्षिप्त जीवनी सुनाउनु भएको थियो। त्यसै गरी सामाजिक कार्यकर्ता दीपक ठटालले शहीद निरञ्जन छेत्रीको परिचयसहित उनको बलिदानबारे प्रकाश पार्दै आजको स्थितिमा सरकारको गोर्खा जातिप्रतिको उदासीन मनोवृत्तिप्रति खेद प्रकट गर्दै गोर्खा जातिले स्वतन्त्रता संग्रामसँगै स्वाधीन देशको रक्षा अनि उत्थानमा यथेष्ट योगदान दिए तापनि हाम्रो स्थिति दिनदिनै दयनीय बन्दै गएको अनि एउटा अराजनैतिक संस्थाको हैसियतमा भागोपले आगामी दिनहरुमा विविध कार्यक्रम गरी विशेष युवावर्गमा जागरूकता ल्याउनपर्ने आवश्यकता रहेको बताउनु भएको छ।

प्रमुख अतिथि बिनोद प्रकाश शर्माले आगामी दिनमा भागोपले असल अनि अनुदारणीय कार्य गर्ने कुरामा आफू विश्वस्त रहेको बताउनु भयो। कार्यक्रममा खरसाङ क्षेत्रका वरिष्ठ व्यक्तिहरूको उपस्थिति रहेको थियो।

****** ० ******

**गोपाल योञ्जन प्रतिष्ठान मिरिक**

गोपाल योञ्जन प्रतिष्ठान मिरिकको अध्यक्ष सुकबहादुर गजमेरको अध्यक्षतामा सम्पन्न सभामा आगामी २६ अगस्तए २०२४ को दिन गोपाल योञ्जन प्रेक्षागृह मिरिकमा वाग्येकार गोपाल योञ्जनको जन्मोत्सव भव्य रुपमा पालन गर्ने तय गरिएको छ। यस अवसरमा वाग्येकार गोपाल योञ्जनका कालजयी गीतए संगीतलाई नयाँ पुस्तामा हस्तान्तरण र प्रचलन गराउने उद्देश्यले मिरिक महकुमा क्षेत्रका विभिन्न सरकारी गैर सरकारी उच्च/उच्चतर विद्यालय साथै माध्यमिक शिक्षा केन्द्रका विद्यार्थीहरुलाई सहभागी गराई वाग्येकार गोपाल योञ्जनद्वारा स्वरवद्ध वा संगीतबद्ध गीतहरुमाथि गायन प्रतियोगिता आयोजन गर्ने छलफल गरियो। शीघ्र नै आवश्यक नियमावलीए पञ्जीकरण फारम विद्यालयहरुलाई गोपाल योञ्जन प्रतिष्ठानको पक्षमा संयोजक कैलाश राईए मिलन राईले उपलब्ध गराउने बताइएको छ।

****** ० ******